जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १७९ | २०७७ साल फागुन ३ गते सोमबार (15 Feb. 2021 Monday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारको तीन वर्ष : रक्षाको ... ३ पृष्ठमा : राजधानीमा खानेपानीको ... ३ पृष्ठमा अफगानिस्तान-इरान ...

## सेवा निवृत अग्रज पत्रकारहरुलाई पेन्सनको व्यवस्था मिलाउने : मिडिया काउन्सील




**दैनिक समाचारदाता राजविराज, २ फागुन ।**

प्रदेश २ सरकारद्वारा हालै गठित मिडिया काउन्सील तथा आमसंचार प्राधिकरणले आइतबारदेखी सप्तरीबाट सुझाव संकलन सुरु गरेको छ ।

नेपाल पत्रकार महासंघ सप्तरीको सभाकक्षमा आयोजित कार्यक्रममा प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरि भट्टराइले पत्रकारहरुले भोग्नु परिरहेको समस्या तथा सोको समाधान बारे सुझाव लिने कार्यको सप्तरीबाट सुरुवात गरेको बताएका छन् ।

उनले आउँदो दिनमा प्रदेशका ८ वटै जिल्लामा संचार क्षेत्रका समस्या र समाधान बारे सुझाव संकलन गरिने जानकारी पनि दिए ।

कार्यक्रममा बोल्दै अध्यक्ष भट्टराईले लामो समय पत्रकारिता गरि सेवा निवृत भएका अग्रज पत्रकारहरुलाई पेन्सनको व्यवस्था, पत्रिकाहरुको वर्गिकरण, पत्रकार आचारसहिंता लगायतका विषयमा देखिएका कमिकमजोरीमा सुधार गर्नेतर्फ काउन्सील र प्राधिकरणले मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सोही कार्यक्रममा आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले विगतमा भएका मधेश आन्दोलनमा पत्रकारहरुको सकारात्मक सहयोग रहेको भन्दै मिडियालाई अझ सशक्त बनाउन सबैको निरन्तर सहयोग आवश्यक रहेको बताए ।

उनले प्रदेश २ मा संचार क्षेत्रका समस्या गम्भिर रहेको भन्दै तीनको समाधानमा आफूहरु लागिपरेको र त्यसको सुरुवात भएको उल्लेख गरे ।

प्रदेश २ मा सरकारले आफ्नै टेलिभिजन, रेडियो तथा पत्रपत्रिका संचालन गर्ने योजना रहेको बताउँदै उनले यसका लागि पनि आवश्यक सुझाव दिन आग्रह पनि गरे ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित कार्यक्रममा पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेश झा, प्रेस काउन्सीलका पूर्व सदस्य अनिलकुमार अनल, मुरली यादव, देवराम यादव, प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झा, पूर्व सभापति धिरेन्द्र प्रसाद साह, सल्लाहकार श्रवण देव लगायतले आ-आफ्नो सुझाव दिएका थिए ।

## जिल्ला पञ्चायतका पूर्वसभापति झाको निधन



**दैनिक समाचारदाता राजविराज, २ फागुन ।**

जिल्ला पञ्चायत सप्तरीका पूर्वसभापति एवं जनता समाजवादी पार्टीका केन्द्रिय सदस्य सुरेन्द्र झाको आइतबार ८५ वर्षको उमेरमा निधन भएको छ ।

जिल्ला साविक मधवापुर गाविस वडा नं. ५, हाल हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ४ निवासी पूर्वसभापति झा केही दिनयता बिरामी परेका थिए ।

उनको आइतबार बिहान ६ बजेतिर आफ्नै निवासमा निधन भएको हो । उनी विभिन्न संघसंस्थामा आवद्ध भई समाजसेवा गर्दै आएका थिए ।

उनलाई अन्तिम श्रद्धाञ्जली दिन निवास स्थलमा सर्वसाधारण तथा विभिन्न राजनैतिक दलका नेताहरुको भिड लागेको छ ।

यसैबीच जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले एक शोक वक्तव्य जारि गर्दै झाको निधनको खबरले जिल्ला समन्वय समिति परिवार अत्यन्त दुखित भएको जनाएका

*बाँकी अन्तिम पृष्ठमा*


## भावपूर्ण श्रद्धाञ्जली



**स्व. सुरेन्द्र झा**

सप्तरी जिल्ला साविक मधवापुर गाविस वडा नं. ५, हाल हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ४ बस्ने जिल्ला पञ्चायतका पूर्व सभापति एवं जसपा नेपालका केन्द्रिय सदस्य सुरेन्द्र झाको ८५ वर्षको उमेरमा २०७७ साल फागुन २ गते बिहान असमायिक निधन भएको खबरले यस जिल्ला समन्वय समिति परिवार अत्यन्त दुखित भएको छ। स्वर्गिय झाप्रति जिल्ला समन्वय समिति परिवार भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रभाकर यादव**
प्रमुख एवं
जिल्ला समन्वय समिति सप्तरी, परिवार



## सम्पादकीय

### अधुरो सडक निर्माण कार्य सम्पन्न गराउन पहल होस्

सप्तरी जिल्लामा वर्षौंदेखी जिर्ण रहेको सडकहरुको मर्मत तथा नयाँ निर्माण कार्य सुरु भएको छ । विभिन्न दातृ निकाय तथा संघन सहरी विकास कार्यालयको बजेटबाट सडकहरुको निर्माण कार्य सुरु भएको हो । तर, सडकहरुको मर्मत र नयाँ निर्माण कार्य सुरु भएको वर्षौ भइसक्दा पनि अझै निर्माण कार्य सम्पन्न हुनु सकिरहेको छैन् । एउटै निर्माण कम्पनीले विभिन्न स्थानको सडक बनाउने ठेक्का पाएको र ती कम्पनीले निर्माण सुरु गरेको एउटा पनि काम समयमा सम्पन्न हुन सकेको छैन् ।

यसरी विभिन्न सडक निर्माण कार्यको ठेक्का हात पार्ने तर सबै सबैतिर काम सुरु गरेर देखाउने प्रवृती बढेको छ । एक स्थानमा सुरु गरेपछि त्यसलाई अधुरै छोडेर अर्को तिर हात हाल्ने प्रवृतीले अधुरो काम गरेको स्थानका स्थानीयहरु सडकविहीन भएका छन् । फागुनदेखी हावाहुरी चल्ने समय रहेको छ । यस अवस्थामा सडक निर्माण कार्य अधुरो भएको स्थानमा धुलोमय हुने निश्चित छ । त्यस क्षेत्र वरिपरिका घरहरु धुलोमय हुने र धुलोका कारण मानिसको स्वस्थ्यमा समेत असर पुग्ने देखिन्छ ।

तसर्थ अधुरो निर्माण कार्यलाई सम्पन्न गराउन स्थानिय निकायदेखी ठेकेदार कमपनिले तदारुकताका देखाउनु जरुरी छ । होइन भने अधुरो कामले धुवाधुलोक कारण स्वस्थ्यमा असर पर्नुका साथै अब आउँदो दिनमा वर्षाले समेत असर पुग्ने कुरामा दुईमत नहोला ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सरकारको तीन वर्ष : रक्षाको मूलभूत प्रगति

काठमाडौँ, २ फागुन (रासस) । मुलुकको सुरक्षा संवेदनशीलतालाई उच्च प्राथमिकता दिँदै राष्ट्रिय सुरक्षा नीतिलाई प्रभावकारी कार्यान्वयन अघि बढाइरहेको रक्षा मन्त्रालयले परिवर्तित राजनीतिक परिदृश्यसँगै नेतृत्वदायी र समन्वयकारी भूमिकालाई गतिशील र सुदृढ तुल्याउँदै अघि बढेको छ ।

सोही क्रममा पछिल्ला तीन वर्षमा मन्त्रालयले नीतिगत, संस्थागत र भौतिक पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गरेको मन्त्रायका सचिव रेश्मीराज पाण्डेले जानकारी दिनुभयो ।

**नीतिगत र कानूनी सुधार**

राष्ट्रिय सुरक्षा नीति, २०७५ जारी भई कार्ययोजना बनाएर लागू गरिएको, राष्ट्रिय प्रतिरक्षा नीति, २०७७ पारित भएको तथा सैनिक सेवा नियमावली, २०६९ संशोधनलाई मुख्य उपलब्धिका रूपमा हेरिएको उहाँले बताउनुभयो । विसं २०६० अघि र पछि भर्ना भएका सकल दर्जाबीचमा निवृत्तीभरणमा रहिआएको विभेदलाई नियमावली संशोधनमार्फत अन्त्य गरी तहगतरूपमा सिपाही र फलोअर्स १६ वर्ष, हुद्दा १७, जमदार १८, सुवेदार १९ र अधिकृत वा सोभन्दा माथिका हकमा २० वर्ष कायम भएको छ । उक्त व्यवस्थाबाट सकल दर्जालाई उत्साहित तुल्याएको छ । संशोधित नियमावलीले स्वेच्छिक अवकासमा गएका व्यक्तिले निवृत्तीभरण (पेन्सन)को रकम भने भर्ना भएको सैनिक सेवामा प्रवेश पाएको मितिले २० वर्ष पुगेपछि मात्र पाउने व्यवस्था गरिएको छ ।

सुरक्षा र प्रतिरक्षा प्रणालीलाई समयको परिवर्तनसँगै सुदृढ र सबल बनाउँदै मुलुकमा शान्ति सुरक्षाका साथ सर्वाङ्गीण मानवीय सुरक्षा, आर्थिक विकास र समृद्धिका लागि उपयुक्त वातावरणको प्रत्याभूति गर्ने कार्यमा मन्त्रालयले विशिष्ट योगदान पुर्‍याउँदै आएको छ ।

विपद् व्यवस्थापनमा क्षमता अभिवृद्धि, कोभिड-१९ महामारी नियन्त्रण प्रतिकार्य, वातावरण, प्रकृति तथा प्राकृतिक सम्पदा संरक्षण, सैनिक स्वास्थ्य सेवा विस्तार, मानवअधिकार संरक्षण र प्रवर्द्धन, सैनिक-नागरिक सम्बन्ध विस्तार, अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धन, खेलकूद र सडक पूर्वाधार विकास एवं विस्तारमा तीन वर्षमा महत्वपूर्ण काम सम्पन्न भई उपलब्धि हासिल भएको तथ्याङ्कले पुष्टि गरेको छ । द्विपक्षीय सहायता आदान-प्रदान, भूकम्पपछिको पुनःनिर्माण र बेरुजु फछर्यौटमा पनि यो अवधिमा ठूलो उपलब्धि हासिल भएको छ ।

**कार्य जिम्मेवारी**

राष्ट्रिय सुरक्षा नीति, कानून, मापदण्ड, योजना बनाई सोको कार्यान्वयन र नियमन, राष्ट्रिय तथा रणनीतिक सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार र अन्तर्राष्ट्रिय सीमाको सुरक्षा समन्वय, सीमा क्षेत्रसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र उपयोगलगायतका कार्य मन्त्रालयले गर्दै आएको छ ।

द्वन्द्वपीडित सैनिकलाई उचित सुविधा उपलब्ध हुने कानूनी व्यवस्था र सैनिक सेवामा रहेका सकल दर्जाबाट लामो समयदेखि उठ्दै आएको गुनासो सम्बोधन गर्न न्यूनतम सेवावधि १६ वर्ष पुगेका सिपाही र फलोअर्सले स्वेच्छिक अवकासमा जानसक्ने व्यवस्थालाई पछिल्लो उपलब्धिकै रूपमा लिन सकिने मन्त्रालयका सहायक प्रवक्ता मनोजकुमार आचार्यले जानकारी दिनुभयो ।

सेनाका भान्सामा पकाइतुल्याई गर्न मट्टितेलको प्रयोग हुँदै आएकामा त्यसलाई स्तरोन्नति गरी ग्याँस उपलब्ध गराउने व्यवस्थाले समयको बचत र वातावरण सुधारमा समेत योगदान दिएको छ । सेनाको गठन तथा परिचालनसम्बन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन, सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन, सैनिक अधिकृत तथा जवानको अनुशासन, हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ, उत्पादन र प्रयोग, सोसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना, सैनिक भण्डार, सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादनको व्यवस्थापन र नियमनको काम पनि मन्त्रालयले गर्दै आएको छ ।

**पूर्वाधार निर्माणतर्फ**

मुलुकका सबै जिल्ला सदरमुकाममा राष्ट्रिय सडक सञ्जाल जोड्ने सरकारको नीतिअनुसार पछिल्लो तीन वर्षभित्रमा सेनाले डोल्पा सदरमुकाम दुनैमा सडक सञ्जाल पुर्‍याएको छ । जाजरकोट-डोल्पा-दुनै सडकको ट्र्याक खोल्ने काम यसै अवधिमा पूरा भएको हो । कर्णाली करिडोरको पनि १२३ किमी बाटो खनिसकिएको छ भने बाँकी १६ किमी छिचोल्ने कामसमेत द्रुतरूपमा चलिरहेको छ । बेनीघाट-अरुघाट-लार्केभन्ज्याङ सडक विस्तार प्रभावकारीरूपमा अघि बढिरहेको छ । कालीगण्डकी करिडोरअन्तर्गत रिडी-मालढुङ्गा सडक चौडाइ गर्ने कामले निरन्तरता पाइरहेको छ । खाँदबारी-सङ्खुवासभा र दार्चुला-टिङ्कर सडक परियोजनाको काम पनि सेनाले गरेको छ ।

द्वन्द्वकालमा क्षति भएका सेनाका भौतिक संरचनाको पुनःनिर्माण गर्ने बङ्करदेखि ब्यारेकसम्म कार्यक्रमले पछिल्ला वर्षमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । मुलुकका विभिन्न भागमा रहेका ऐतिहासिक गढीकिल्लाको संरक्षण र संवर्द्धनमा पनि सेना दत्तचित भएर लागिपरिरहेको छ ।

काठमाडौँ-तराई-मधेश द्रुतमार्ग (फास्टट्र्याक)को डिपिआर स्वीकृतिपछि सेनाले निर्माणको कामलाई व्यवस्थित र चुस्त ढङ्गबाट अघि बढाएको छ । अहिले उक्त मार्ग सुरुङ निर्माणको चरणमा प्रवेश गरेको छ । बारा र पर्सामा हावा, पानीसहितको चक्रपातबाट क्षति पुगेको बस्तीमा छोटो समयमा नमूना घर बनाई सेनाले हस्तान्तरण गरेसँगै सैनिक-नागरिक सम्बन्धको कसी अझ बलियो भएको छ ।

**संस्थागत सुधारतर्फ**

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय अवधारणापत्र तयार गर्ने काम यही अवधिमा भएको छ । विश्वविद्यालय गठन आदेश जारी गरी काभ्रेको पेरुङगेडाँडामा ७५० रोपनी जग्गाको व्यवस्थासहित निर्माणको काम अघि बढाइएको छ । उक्त विश्वविद्यालय सञ्चालनमा आएसँगै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र निजामती सेवाका उच्च अधिकृतलाई सुरक्षासम्बन्धी अध्ययन र अनुसन्धान गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नेछ । सुरक्षा फौजका उच्च तहले नेशनल डिफेन्स कोर्स गर्नका लागि विदेशीको भर पर्नुपर्ने हालको बाध्यता अन्त्य हुनेछ ।

आन्तरिक तथा बाह्य सुरक्षा चुनौती एवं खतराबाट राष्ट्रलाई सुरक्षित राख्दै मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको संरक्षण गरी राष्ट्रिय एकतालाई अक्षुण्ण राख्न मन्त्रालय सदैव प्रतिबद्ध रहिआएको छ ।

यसै वर्ष मन्त्रालयले मुलुकका सुरक्षा, इतिहास र सीमाविद्का तथ्यपरक लेख समेटिएको सुरक्षा जर्नल र उपप्रधान तथा तत्कालीन रक्षामन्त्री ईश्वर पोखरेलको सम्बोधनको सङ्ग्रह 'राष्ट्रिय सुरक्षा र नेपाली सेना' नामक पुस्तकसमेत प्रकाशन गरेको थियो । उक्त पुस्तकमा उपप्रधानमन्त्री पोखरेलले भन्नुभएको छ, “आफनो दुई वर्ष सात महिनाको कार्यकालमा मन्त्रालय र नेपाली सेनाको आधुनिकीकरण र सुदृढीकरणका क्षेत्रमा केही महत्वपूर्ण निर्णय कार्यान्वयनमा ल्याउन सफलता मिलेको छ ।”

पछिल्ला वर्षमा मन्त्रालय

*बाँकी तीन पृष्ठमा*


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी
मोवाईल नं. ९८५२८२०९३५

# राजधानीमा खानेपानीको माग ४३ करोड, आपूर्ति आठ करोड लिटर

काठमाडौँ, २ फागुन (रासस)।

सङ्घीय राजधानी काठमाडौँ उपत्यकामा दैनिक ४३ करोड लिटर खानेपानीको आवश्यकता छ तर आपूर्ति भने वर्षात्मा १५ करोड लिटर र हिउँदमा आठ करोड लिटरमात्र भइरहेको छ। वीरशम्शेरको पालादेखिको पाइप वितरण प्रणाली भएकाले करीब तीन करोड लिटर खानेपानी चुहावट हुने गरेको शनिबार राजधानीमा आयोजित काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) को १३औँ वार्षिकोत्सव कार्यक्रममा जानकारी दिइयो। संविधानमा मौलिक हकका रुपमा उल्लेख गरिएको खानेपानी २४सै घण्टा आपूर्ति हुनुपर्ने भए पनि स्रोतका कारण नसकिएको लिमिटेडका अधिकारीहरुको स्वीकारोक्ति छ।

वार्षिकोत्सव कार्यक्रममा खानेपानी मन्त्री मणिचन्द्र थापाले संविधानमा मौलिक हकका रुपमा स्थापित खानेपानी सेवालाई चुस्त्रुपमा प्रवाह गर्न सरोकार भएका सबै निकाय लाग्नुपर्नेमा जोड दिनुभयो। "पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले देख्नुभएको मेलम्चीको सपना पूरा हुन लागेको छ, सपना देख्नेकै कार्यकालमा पूरा नभएपछि त्यसलाई अर्को पुस्ताले पूरा गर्नुपर्ने भएकाले अब हामी पूरा गर्ने चरणमा पुगेका छौँ, डेढ दशकदेखि उपत्यकावासीले शुद्ध खानेपानी पाउन गरेको आशा पूरा गर्न लागिपरेका छौँ", उहाँले भन्नुभयो।

मेलम्चीको पानी आएपछि वितरणका लागि तयार हुन मन्त्री थापाले लिमिटेडका कर्मचारीलाई निर्देशन दिनुभयो। मेलम्चीको पानी राजधानीमा आएर उपभोक्ताको धारामा गएन भने आइपर्ने राजनीतिक, सामाजिक र प्राविधिक प्रभावलाई ध्यान दिन पनि उहाँले लिमिटेडलाई सचेत गराउनुभयो।

मेलम्ची राष्ट्रिय गौरवको ठूलो आयोजना भएकाले यसको सफलता र असफलतामा देशको सफलता वा असफलता पनि जोडिएकाले कमाउको धन्दा, राजनीतिक मुद्दा नबनाउन मन्त्री थापाले आह्वान गर्नुभयो। मेलम्ची सम्पन्न भएपछि यसको सफलताका लागि लाग्ने सबै सम्मानका पात्र हुने उहाँको भनाइ थियो।

मन्त्रालयका सचिव माधव बेल्वासेले अव्यवस्थित शहरीकरणका कारण खानेपानीको वितरण प्रणाली कताबाट कता जोडिएको छ भन्ने थाहा नहुने भएकाले चुहावटको समस्या समाधानमा कठिनाइ भएको बताउनुभयो। उपत्यकामा ३० देखि ४० प्रतिशत खानेपानी चुहावट भइरहेको उहाँले सुनाउनुभयो। यसलै हाल लिमिटेडले पाँच करोड लिटर पानीमाात्र बाँडिरहेको सचिव बेल्वासेले बताउनुभयो।

विसं २०७८ को अन्त्यसम्म मेलम्चीको पानी राजधानीमा वितरण गर्ने मन्त्रालयको प्रतिबद्धता छ। मेलम्ची आएपछि हिउँदमा पनि २५ करोड लिटर पानी वितरण गर्न सकिने मन्त्रालयले जनाएको छ। धारामा पानी नआएपनि ८० देखि ८५ प्रतिशत उपभोक्ताले मासिकरुपमा महसुल तिरिरहेका छन्।

लिमिटेडको अध्यक्षसमेत रहनुभएका मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक तिरेशप्रसाद खत्रीले केही दिनमा मेलम्चीको पानी सुरुङमा हालेर परीक्षण गरिने प्रतिबद्धता जनाउनुभयो। मेलम्चीको पानी आएपछि लिमिटेडले पनि शाखवृद्धि हुने गरी काम गर्ने अवसर पाउने भएकाले त्यसको उपयोग गर्न पनि उहाँले आह्वान गर्नुभयो।

चन्द्रागिरि नगरपालिकाका नगर प्रमुख घनश्याम गिरीले भूकम्पपछि सुकेको मातातीर्थ र मच्छेगाउँमा फेरि पानी आउन थालेकाले त्यसलाई व्यवस्थित गरेर पानीको परिणाम बढाउन सकिने बताउनुभयो। अन्य नगरपालिकामा रहेका मुहान पनि व्यवस्थित गरेर परिणाम बढाउन उहाँले लिमिटेडको ध्यानाकर्षण गराउनुभयो।

बूढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धवप्रसाद खरेलले जनताको आधारभूत आवश्यकताका रुपमा रहेको खानेपानी नै पुर्‍याउन सकिएन भने विकासका ठूला कुरा गर्नुको अर्थ नभएकाले नगर सभ्यताको मापदण्डका आधारमा प्रत्येक घरका धारामा पानी खसाल्न लिमिटेड लाग्नुपर्ने बताउनुभयो। पानी चुहावट भएर बन्ने खाडल पाँच लाखभन्दा बढी खर्च लाग्ने अवस्था नभएसम्म नबन्ने गरेकाले ढिलासुस्ती अन्त्य गरी छिटो काम गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

कार्यक्रममा काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जीवविक्रम राणा, आयोजना कार्यान्वयन निर्देशक कमलराज श्रेष्ठ, लिमिटेडका प्रमुख कार्यकारी अधिकृत मिलन शाक्यलगायतले मेलम्चीको पानी राजधानी आउने चरणमा रहेकाले सबै निकायको सहकार्यमा चुस्तरूपमा उपभोक्ताको धारामा वितरण गर्न लाग्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा मन्त्री थापाले लिमिटेडका पूर्वकर्मचारी अमरकाजी राईले सङ्कलन गर्नुभएको सन्देशमूलक भनाइका सङ्ग्रहको विमोचनसमेत गर्नुभयो। लिमिटेडमा सेवा गरी निवृत्त भएका कर्मचारीलाई सो अवसरमा सम्मानसमेत गरिएको थियो।

### *सरकारको तीन ...*

मातहत सेनाको प्रशासनिक कार्यलाई चुस्त तुल्याउन प्रविधिको प्रयोगलाई सङ्गठनमैत्री तुल्याइएको, वित्तीय अनुशासन कायम गरिएको, सङ्गठनभित्र विधि र प्रणालीमा व्यापक सुधार ल्याइएको, थुप्रै कार्यविधि र रणनीतिक दस्तावेज तयार पारिएको सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिनुभयो। प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा विसं २०७४ फागुन ३ गते वर्तमान सरकार गठन भएको थियो।

राज्यबाट उपलब्ध स्रोत साधनका आधारमा यो बीचमा मुलुकको समग्र सुरक्षा र प्रतिरक्षा प्रणालीलाई सुदृढ बनाउने सन्दर्भमा नीतिगत र कानूनी सुधार ल्याई कार्यगत वातावरणमा उल्लेख्य सुधार गरिएको मन्त्रालयको दाबी छ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### अफगानिस्तान-इरान सीमामा १०० बढी तेल टयाङ्करमा आगलागी

इस्लाम क्वाला (अफगानिस्तान), २ फागुन (रासस/एएफपी)।

इरानसँगको अफगानिस्तानको सबैभन्दा ठूलो व्यापारिक नाकामा कम्तीमा एक सय तेल र ग्यास टयाङ्करमा आगलागी भएको छ। अधिकारीका अनुसार उक्त आगलागीबाट लाखौं डलर बराबरको सम्पत्ति जलेर नष्ट भएको छ।

अफगानिस्तानको पश्चिमी शहर हेरातबाट करिब १२० किलोमिटर टाढा इरानसँगको सीमा इस्लाम क्वालामा शनिबार अपराह्न उक्त आगलागी भएको थियो। आगो नियन्त्रणमा ल्याइए पनि उक्त घटनाको छानबिन र अनुसन्धान शुरु भइसकेको अधिकारीले बताएका छन्।

हेरात प्रान्तका गभर्नरका प्रवक्ता जैलानी फरहादले आगलागीबाट १०० वा २०० टयाङ्कर ध्वस्त भएको खबर प्राप्त भएको जनाउँदै आगलागीबाट सोचेभन्दा बढी नोक्सानी भएको बताउनुभयो। उहाँले घटनाको अनुसन्धानबाट मात्र यथार्थ विवरण प्राप्त हुनसक्ने जानकारी दिनुभयो।

उहाँले उक्त आगलागीका कारण करिब २० व्यक्ति घाइते भएका र उनीहरुलाई स्थानीय अस्पतालमा भर्ना गरिएको पनि बताउनुभयो। सामाजिक सञ्जालमा राखिएका भिडियो फुटेजमा आकाशमा धुँवाको ठूलो मुस्लो देखिएको छ। अफगान अर्थ मन्त्रालयले आगलागीबाट ठूलै आर्थिक क्षति भएको जनाउँदै इन्धन, टयाङ्कर र भन्सार कार्यालयहरुमा क्षति पुगेको बताएको छ।

हेरात चेम्बर अफ कमर्शका प्रमुख युनुस क्वाजी जादाले प्रारम्भिक विवरणमा दशौं लाख डलर बराबरको क्षति पुगेको बताउनुभयो। हेरात प्रान्तका धेरैजसो स्थानमा आइतबार विद्युत आपूर्ति अवरुद्ध भएको थियो।

इस्लाम क्वाला अफगानिस्तानको एउटा महत्वपूर्ण व्यापारिक नाका हो। यस नाकाबाट इरानसँगको अधिकांश व्यापारिक कारोबार हुने गर्दछ। अमेरिकी प्रतिबन्धका बाबजुद इरानबाट तेल र ग्यास आयात गर्न अमेरिकाले अफगानिस्तानलाई छुट दिएको छ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता सईद खाटीबजादेहले आगलागीको घटना हुँदा इरानतर्फको सीमालाई केही समय खुला गर्नु परेको जानकारी दिनुभयो। दुबै मुलुकका अग्निनियन्त्रकलाई तत्काल परिचालन गरिएका पनि उहाँले बताउनुभयो।

उहाँले आगलागीको घटना भएलगत्तै नजिकैको सुरक्षा जाँच चौकीमा तालिबान समूहले आक्रमण गरेको बताउनुभयो।

### दक्षिण भारतमा सडक दुर्घटना चौधको मृत्यु

नयाँ दिल्ली, २ फागुन (रासस/सिन्ह्वा)।

भारतमा दक्षिणी राज्य आध्र प्रदेशमा आइतबार बिहान सबेरै भएको एक सडक दुर्घटनामा परी कम्तीमा १४ व्यक्तिको मृत्यु भएको छ। एक सानो भ्यान ट्रकसँग ठोक्किँदा भएको यस घटनामा परी अन्य चार जना घाइते भएका आइतबार स्थानीय स्रोतले जानकारी दिएको छ। दुर्घटनामा आठ महिला मारिएका छन्। घाइते सबै बालबालिका रहेका समाचारमा जनाइएको छ। प्रहरीकाअनुसार दुर्घटना कुर्नूल जिल्लाको मदारपुरम गाउँनजिकै दुर्घटना भएको हो। घाइतेलाई उपचारार्थ सरकारी अस्पतालमा लगिएको प्रहरीले जानकारी दिएइको छ।

### ब्राजिलमा हरेक दिन एक हजारभन्दा बढीको कोरोना सङ्क्रमणबाट मृत्यु

रियो डे जानेरो, २ फागुन (रासस/सिन्हवा)।

दक्षिण अमेरिकी देश ब्राजिलमा कोरोनाको महामारीका कारण मृत्यु हुनेको सङ्ख्यामा कमी आउन सकेको छैन। यहाँका स्वास्थ्य अधिकारीले दिएको समाचारअनुसार यहाँ यो सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या घट्ने सङ्केत अझै देखिएको छैन। पछिल्लो अपडेटअनुसार यहाँ गएको २४ घन्टायता एक हजार ४३ जनाको ज्यान गएको छ।

ब्राजिलमा अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमणबाट दुई लाख ३८ हजारभन्दा बढीको ज्यान गएको छ। साथै यहाँ पछिल्लो समयमा सङ्क्रमित हुनेको सङ्ख्यामा पनि बृद्धि भइरहेको छ। पछिल्लो २४ घण्टामा यहाँ एक हजार ४३ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ। यहाँको स्वास्थ्य मन्त्रालयकाअनुसार यहाँ कोरोना भाइरसका कारण एक हजार जनाभन्दा बढीको मृत्यु भएको छ।

त्यस्तै पछिल्लो २४ घण्टामा ब्राजिलमा ४४ हजार ३६० जना सङ्क्रमित भएका छन्। योसँगै ब्राजिलमा अहिलेसम्म ९८ लाख छ हजार ९६५ जना सङ्क्रमित भएका छन्। त्यस्तै ब्राजिलमा अहिलेसम्म ८७ लाख १० हजार भन्दा बढी कोरोना भाइरस मुक्त भएका छन् भने आठ लाख ६१ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्।

त्यस्तै ब्राजिलमा अहिले हजरौँ नागरिकलाई आइसीयुमा राखेर उपचार गरिएको पनि त्यस समाचारमा जनाइएको छ। यहाँ यो भाइरसको दोस्रो वेभ आएको छ र त्यसपछि यहाँ यो सङ्क्रमणबाट बढी क्षति भएको छ। ब्राजिलमा संयुक्त राज्य अमेरिकापछि ठूलो सङ्ख्यामा मानिसको निधन भएको छ। अमेरिकामा अहिलेसम्ममा चार लाख ९६ हजारभन्दा बढीको निधन भएको छ।

# न्यूनतम् रोजगारका लागि फागुन मसान्तसम्म निवेदन दिनुपर्ने

काठमाडौँ, २ फागुन (रासस)।

प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत न्यूनतम रोजगारीमा आबद्ध हुनका लागि शनिबारदेखि निवेदन सङ्कलन शुरु भएको छ। न्यून आय भएको वा स्वरोजगारसमेत नरहेका १८ देखि ५९ वर्षसम्मका बेरोजगार नागरिकले आफूले बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा यही फागुन मसान्तसम्म निवेदन दिन सक्नेछन्।

सूचीकृत बेरोजगारले प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत न्यूनतम १०० दिनको रोजगारी प्राप्त गर्नेछन्। न्यूनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउने सहयोग पुर्‍याउने उद्देश्यका साथ सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा ल्याएइको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सम्पूर्ण स्थानीय तहलाई आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि बेरोजगार व्यक्ति सूचीकरणका लागि परिपत्र गरेको छ। बेरोजगार व्यक्तिका र निजका परिवारको यथार्थ र सम्पूर्ण विवरण सङ्कलन गरी वास्तविक लक्षित वर्ग केन्द्रित कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाउन श्रम मन्त्रालयले आग्रह गरेको छ। यस कार्यक्रमअन्तर्गत सञ्चालन हुने न्यूनतम रोजगारीले गरीब तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षा र संरक्षण प्रदान हुने मन्त्रालयले जनाएको छ।

# प्रेस मञ्चद्वारा सम्पन्न प्रादेशिक साधारणसभाप्रति असहमति

**दैनिक समाचारदाता**
**राजविराज, २ फागुन।**

प्रेस मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष किशोर गुरुले नेपाल पत्रकार महासंघ प्रदेश २ को साधारणसभा एकात्मक तानाशाही ढंगले सिन्डिकेट लगाएर सम्पन्न गरेको भन्दै आपत्तिजनक र खेदपुर्ण रहेको बताएका छन्।

केन्द्रिय उपाध्यक्ष गुरुले आइतबार एक प्रेस विज्ञप्ति जारि गर्दै पत्रकारितामा सक्रिय कतिपय संगठनहरुलाई समेत बाइपास गरि आफ्नो मोनोपोली ढंगले केही सीमित व्यक्ति तथा संगठनलाई सहभागि गराई साधारणसभा सम्पन्न गरिएकोप्रति गम्भिर ध्यानाकर्षण गर्दै सोप्रति असहमति जनाएका छन्।

प्रेस मञ्च जस्ता सञ्चार जगतको क्षेत्रमा सक्रिय संगठनहरुको प्रतिनिधि सहभागी नगराउनु तथा जानकारी समेत नदिनुले पत्रकार महासंघ जस्ता राज्यको चौथो अंग कहलिएका निकायले नै निषेधको राजनीति गर्ने विज्ञप्तिमार्फत ठहर गरिएको छ।

सोही विज्ञप्तिमा पत्रकार महासंघ कुनै व्यक्ति र संगठन विशेषको मात्रै नभई सबै सञ्चारकर्मीहरुको साझा घर रहेको तथा अभिभावकीय संस्था हो भनिएको छ।

अन्तमा विज्ञप्तिमा भनिएको छ, "प्रेस मञ्चले सीमित व्यक्तिको सहभागितामा भएको कोठे साधारणसभा तथा चोर बाटो बाट गरिएको साधारणसभालाई नस्वीकार्ने समेत जानकारी गराउन चाहन्छौँ।"


## राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस्।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# यो सरकार ओलीको हो कि नेकपाको ? : प्रधानन्यायाधीश

**दैनिक समाचारदाता**
**काठमाडौं, २ फागुन।**

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले वर्तमान सरकार केपी शर्मा ओलीको हो कि नेपाल कम्युनिस्ट पार्टीको भनी प्रश्न गर्नुभएको छ।

सर्वोच्चको संवैधानिक इजलासमा आइतबार प्रतिनिधिसभा विघटनको मुद्दा सुनुवाइका क्रममा बहसमा आएका अधिवक्ता दिनमणि पोखरेललाई प्रधानन्यायाधीश जबराले उक्त प्रश्न गर्नुभएको हो।

पोखरेलले प्रतिनिधिसभा विघटन गर्ने भए ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुपर्ने र अर्को सरकार गठन हुन नसके मात्रै त्यो अधिकार प्रयोग गर्ने संवैधानिक व्यवस्था रहेको जवाफ दिनु भएको थियो। प्रतिनिधिसभामा अवरोध सिर्जना गरेर सरकार चलाउन पाउँदिनँ भन्न पाइन्न, उहाले भन्नुभयो। त्यसपछि जबराले पोखरेललाई प्रश्न गर्नुभएको थियो, यो अहिलेको प्रधानमन्त्री केपी ओलीको सरकार हो कि सिंगो नेकपाको सरकार हो ? संविधानको धारा ७६ को उपधारा १ अनुसारको एकल बहुमतप्राप्त ठूलो दलको सरकार भएमा अर्को सरकार कसरी बन्न सक्छ ? भनेर प्रधानन्यायाधीशले प्रश्न गर्नुभएको थियो।

नेकपाको सरकार हो भने संसद्मा बहुमतप्राप्त दल हो। धारा ७६ (१) को सरकार भइसकेपछि तपाईंले भनेको जस्तो उपधाराहरू २, ३, ५ मा अनुसारको सरकार कसरी हुन्छ ? उहाँले भन्नुभयो। धारा ७६ उपधारा १ को सरकार भएमा अन्य विकल्पहरू लोप हुने हो कि होइन भन्ने प्रधानन्यायाधीशको प्रश्न थियो। उहाँले बारम्बार आफूले उक्त प्रश्न सोधेको तर निवेदकका कानुन व्यवसायीबाट जवाफ नमिलेको बताउनुभयो। प्रधानन्यायाधीश जबराको प्रश्नमा न्यायाधीश तेजबहादुर केसीले थपे, फेरि कसरी सरकार बन्छ ?

अधिवक्ता पोखरेलले यसबारे सर्वोच्च अदालतले कल्पना गर्न नहुने समेत बताउनुभयो। उहाँले ओलीले लिएको प्रतिनिधिसभा विघटन गर्ने सिफारिस र सोअनुसार भएको निर्णय संवैधानिक थियो कि थिएन भन्ने मात्रै रहेको जवाफ दिनुभयो। पोखरेलले सोध्नु भएको थियो, यो बारेमा हामीले निर्णय गर्ने होइन। उहाँहरूको संसदीय व्यवस्थाभित्र प्रतिस्पर्धात्मक भनेको के हो ? हामीले त्यो कल्पना गर्ने ? उक्त विषयको जवाफ संसद् र संसदीय दलले दिने पोखरेलको भनाइ थियो।

प्रतिनिधिसभा विघटनविरुद्धका मुद्दामा संवैधानिक इजलासमा आइतबारदेखि जवाफी बहस सुरु भएको छ। अहिलेसम्म अधिवक्ता विकास भट्टराई र पोखरेलले जवाफ दिनुभएको छ। एबिसी न्युजबाट

### *जिल्ला पञ्चायतका ...*

छन्। स्वर्गिय झाप्रति जिल्ला समन्वय समिति परिवार भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना समेत व्यक्त गरिएको छ।

यस्तै स्थानियवासी एवं काँग्रेसका पुराना नेता नागेन्द्र झाले अत्यन्तै सरल, राम्रा व्यक्तिको निधनले ठूलो क्षति भएको प्रतिक्रिया दिए।

घरमा परम्परागत संस्कार सकेपछि शवयात्रा गरि अन्त्येष्टि गरिने कार्यक्रम तय भएको स्व. झाका जेठा छोरा राकेशले बताए। झाका श्रीमती र दुई छोरा छन्।


## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु


कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं

सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं

पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं

हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं

भौतिक दूरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer (रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*